लुम्बिनी प्रदेश सरकार

☎ ..................

# उद्योग तथा यातायात व्यवस्था मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः २०८०/८१

चलानी नं.: 863

मितिः २०८०/११/२३

विषयः- सूचना पठाइएको सम्बन्धमा।

श्री उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, रुपन्देही।
श्री घरेलु तथा साना उद्योग कार्यालयहरु, सबै।
श्री यातायात व्यवस्था कार्यालयहरु, सबै।
श्री यातायात व्यवस्था सेवा कार्यालयहरु, सबै।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशको च.नं. १५३७, मिति २०८०।११।२२ को सूचना प्रकाशन सम्बन्धी पत्रसाथ प्राप्त भएको मिति २०८०।११।२१ मा प्रकाशन भएको तहवृद्धिका लागि आवेदन फाराम पेश गर्ने सम्बन्धी सूचना यसैसाथ संलग्न राखी पठाइएको छ। सूचना बमोजिम तहवृद्धिका लागि सम्भाव्य तहवृद्धि हुन चाहने कर्मचारीहरुमा जानकारी गराई दिनुहुन आदेशानुसार अनुरोध छ।

२०८०।११।२३

(सन्तोष कुमार सुवेदी)
अधिकृत सातौं

बोधार्थः

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश।

g10mp → 325

लुम्बिनी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

कर्मचारी प्रशासन शाखा

राप्ती उपत्यका (देउखुरी), नेपाल

श्री प्रशासन
११।२३

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय राप्ती उपत्यका (देउखुरी) नेपाल

प.सं. :- ०८०/८१

च.नं. :- १५३७

मिति :- वि.सं. २०८०/११/२२

ने.स. :- ११४४ सिल्लागा, १० मंगलवार

विषयः सूचना प्रकाशन सम्बन्धमा ।

दर्ता नं.: ...१२०४.......
दर्ता मिति: ०८०।११।२३

श्री मन्त्रालय/आयोग/प्रतिष्ठान/सचिवालय/परिषद् (सबै),

लुम्बिनी प्रदेश ।

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकार, प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २८ तथा प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ४९ अनुसारको तह वृद्धि सम्बन्धी सूचना आवश्यक कार्यार्थ र सोको जानकारी मातहतका निकायमा समेत सम्प्रेषण प्रयोगजनार्थ यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Shyamlal Neupane
lovelynatural@gmail.com

(श्याम लाल न्यौपाने)

अधिकृतस्तर सातौ

लुम्बिनी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका; (देउखुरी) नेपाल ।

**तह वृद्धिका लागि आवेदन फाराम पेश गर्ने सम्बन्धी सूचना ।**

सूचना प्रकाशित मिति २०८०/११/२१

लुम्बिनी प्रदेश सरकार, प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २८ बमोजिम तह वृद्धि हुने तह भन्दा एक तह मुनिको तहमा पाँच वर्षको सेवा अवधि पुरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत पन्चानब्बे प्रतिशत अङ्क प्रास गरेका, सोही ऐनको दफा २८ को उपदफा १ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका र सोही ऐनको दफा १०१ बमोजिम नकारात्मक सूचीमा नपरेका उपयूक्त उम्मेदवारहरुले तह वृद्धि हुन चाहेमा तह वृद्धि हुनको लागि दशौ तहको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र अधिकृतस्तर आठौं र छैटौ तहको हकमा सम्बन्धित सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयमा र ऐनको दफा २८ को उपदफा ६ बमोजिम चौथो तहबाट पाचौं तहमा तह वृद्धि हुने उम्मेदवारको सम्बन्धमा सम्बन्धित सेवा, समुह सञ्चालन गर्ने मन्त्रालयमा प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ४९ अनुसार सोही नियमको अनुसूची–१९ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र तपशिलका कागजात सहित तोकिएको ढाँचामा आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**<u>तपसिल</u>**

१. हालको पदमा नियूक्ति पत्रको प्रमाणित प्रतिलिपि,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
३. कर्मचारी समायोजन पत्रको प्रमाणित प्रतिलिपि,
४. तोकिए बमोजिम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,
५. अद्यावधिक बैयक्तिक विवरणको प्रतिलिपि,
६. पछिल्ला पाँच बर्षको कार्य सम्पादन मुल्याङ्कन फाराम पेश गरेको निकायको बिवरण,
७. सम्बन्धित कार्यालयबाट सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारवाही नपरेको तथा प्रचलित कानून बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा ।

२०८०/११/२१